**तानसेन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, तानसेन, पाल्पा**

# वार्षिक प्रगति समीक्षा गोष्ठी

# प्रगति समीक्षा प्रतिवेदन

**(आर्थिक वर्ष २०८२/०८३)**

**कार्यक्रम मिति:** २०८३ श्रावण १४–१५ गते

**स्थान:** तानसेन, पाल्पा

**आयोजक:** तानसेन नगरपालिका

**प्रतिवेदन प्रकाशन:** तानसेन नगरपालिका, पाल्पा

## १. परिचय

स्थानीय सरकारको कार्यसम्पादनलाई परिणाममुखी, पारदर्शी, जवाफदेही तथा प्रभावकारी बनाउन त्रैमासिक तथा वार्षिक रूपमा कार्यक्रम तथा प्रगतिको समीक्षा गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। आर्थिक वर्ष २०८२/०८३ मा तानसेन नगरपालिकाबाट सञ्चालन भएका विकास निर्माण, सेवा प्रवाह, संस्थागत विकास तथा सामाजिक–आर्थिक विकाससँग सम्बन्धित कार्यक्रमहरूको कार्यान्वयन अवस्था, उपलब्धि, चुनौती तथा आगामी दिनमा सुधारका क्षेत्रहरू पहिचान गर्ने उद्देश्यले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा गोष्ठी आयोजना गरिएको हो।

मिति २०८३ श्रावण १४ र १५ गते सम्पन्न भएको उक्त समीक्षा गोष्ठीमा नगरपालिकाका सम्पूर्ण शाखा प्रमुख तथा तानसेन नगरपालिकाका १४ वटै वडाका वडा सचिवहरूले आ–आफ्नो शाखा तथा वडाबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन भएका कार्यक्रम तथा गतिविधिहरूको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत विवरण माथि जानप्रतिनिधि तथा सहभागीहरूबाट समीक्षा, छलफल, प्रश्नोत्तर तथा सुझावसमेत आदानप्रदान गरिएको थियो।

समीक्षाका क्रममा समग्रमा नगरपालिकाको वार्षिक प्रगति सन्तोषजनक रहेको निष्कर्ष प्राप्त भएको छ। साथै आगामी आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयनलाई अझ परिणाममुखी बनाउने, वित्तीय तथा भौतिक प्रगतिबीच सन्तुलन कायम गर्ने, सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने र वडास्तरबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै लैजाने विषयमा जोड दिइएको छ।

प्रस्तुत प्रतिवेदनमा शाखागत तथा वडागत प्रगति विवरणलाई समेटी नगरपालिकाको वार्षिक कार्यसम्पादनको समग्र तस्वीर प्रस्तुत गर्ने प्रयास गरिएको छ। यस प्रतिवेदनले नगरपालिकाको आगामी योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका साथै जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला तथा नागरिकका लागि उपयोगी सन्दर्भ सामग्रीको रूपमा काम गर्ने विश्वास लिइएको छ।

## २. वार्षिक प्रगति समीक्षा गोष्ठीको पृष्ठभूमि

आर्थिक वर्षको अन्त्यमा नगरपालिकाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्थाको समीक्षा गर्नु स्थानीय सरकारको महत्वपूर्ण व्यवस्थापकीय कार्य हो। यसबाट स्वीकृत कार्यक्रममध्ये कति कार्यक्रम कार्यान्वयन भए, अपेक्षित उपलब्धि कति हासिल भयो, कार्यान्वयनमा के–कस्ता समस्या देखिए र आगामी दिनमा के सुधार गर्न आवश्यक छ भन्ने विषयमा स्पष्टता प्राप्त हुन्छ। यसै सन्दर्भमा तानसेन नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिकाका विभिन्न शाखा तथा १४ वटै वडाबाट सञ्चालन भएका कार्यक्रम तथा गतिविधिहरूको वार्षिक प्रगतिको समीक्षा गर्न मिति २०८३ श्रावण १४ र १५ गते वार्षिक प्रगति समीक्षा गोष्ठी आयोजना गरेको हो।

नगर प्रमुख सन्तोष लाल श्रेष्ठको अध्यक्षता, उपप्रमुख प्रतिक्षा सिङ्जाली र प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरीको बिशेष उपस्थिति र नगर प्रवक्ता, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु र सम्बन्धित पदाधिकारीहरुको उअपस्थिति रहेको थियो । गोष्ठीमा सम्बन्धित शाखा प्रमुख तथा वडा सचिवहरूले आफ्नो कार्यक्षेत्र अन्तर्गत सम्पन्न कार्यक्रम, उपलब्धि, खर्च तथा प्रगति अवस्था, समस्या तथा चुनौतीहरू प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत विवरणमाथि सामूहिक छलफल तथा समीक्षा गरी आगामी कार्यदिशाका लागि आवश्यक सुझावहरू प्राप्त गरिएको थियो।

## ३. समीक्षा गोष्ठीका उद्देश्य

वार्षिक प्रगति समीक्षा गोष्ठीका प्रमुख उद्देश्यहरू निम्न रहेका थिएः

(१) आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्थाको समीक्षा गर्नु।

(२) नगरपालिकाका विभिन्न शाखाबाट सम्पादन भएका कार्यक्रम तथा सेवाहरूको प्रगति मूल्याङ्कन तथा १४ वटै वडाबाट सञ्चालन भएका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यक्रमहरूको समीक्षा गर्नु।

(३) कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरू पहिचान गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुधारका क्षेत्र पहिचान गर्नु।

(४) शाखा तथा वडा तहमा भएका असल अभ्यासहरूको आदानप्रदान गर्नु, आगामी आर्थिक वर्षका कार्यक्रमलाई थप परिणाममुखी तथा प्रभावकारी बनाउन आधार तयार गर्नु र नगरपालिकाको समग्र कार्यसम्पादनलाई जवाफदेही, पारदर्शी र नतिजामुखी बनाउनु।

## ४. समीक्षा गोष्ठीको कार्यक्षेत्र

समीक्षा गोष्ठीमा मुख्यतः निम्न विषयहरू समेटिएका थिएः

- शाखागत वार्षिक प्रगति
- वडागत वार्षिक प्रगति
- स्वीकृत कार्यक्रमको कार्यान्वयन अवस्था
- भौतिक प्रगति
- वित्तीय प्रगति
- सेवा प्रवाहको अवस्था
- विकास आयोजना तथा पूर्वाधार निर्माण
- सामाजिक विकास कार्यक्रम
- आर्थिक विकास तथा रोजगारमूलक कार्यक्रम
- संस्थागत तथा सुशासन सम्बन्धी कार्यक्रम
- लक्षित वर्ग तथा सामाजिक समावेशीकरण
- राजस्व तथा वित्तीय व्यवस्थापन
- कार्यक्रम कार्यान्वयनका समस्या तथा चुनौती
- आगामी सुधारका उपाय

## ५. समीक्षा गोष्ठी सञ्चालन प्रक्रिया

गोष्ठी दुई दिनसम्म सञ्चालन गरिएको थियो।

**पहिलो दिन – २०८३ श्रावण १४ गते**

तानसेन नगरपालिकाका १४ वटै वडाका वडा सचिवहरूले आ–आफ्नो वडाको वार्षिक प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो।

वडागत प्रस्तुतिपछि कार्यक्रम कार्यान्वयन, पूर्वाधार विकास, सेवा प्रवाह, राजस्व संकलन, सामाजिक विकास तथा स्थानीय आवश्यकताका विषयमा समीक्षा तथा छलफल गरिएको थियो।

**दोस्रो दिन – २०८३ श्रावण १५ गते**

नगरपालिकाका विभिन्न शाखाका प्रमुखहरूले आ–आफ्नो शाखाबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन भएका कार्यक्रम तथा गतिविधिहरूको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो।

प्रस्तुतिमा मुख्यतः स्वीकृत कार्यक्रम, लक्ष्य, उपलब्धि, खर्च, भौतिक प्रगति, वित्तीय प्रगति, सेवा प्रवाह तथा कार्यान्वयनका क्रममा देखिएका समस्या र आगामी सुधारका विषयहरू समेटिएका थिए।

## ६. समग्र प्रगतिको समीक्षा

आर्थिक वर्ष २०८२/०८३ को शाखागत तथा वडागत प्रगतिको समीक्षा गर्दा तानसेन नगरपालिकाको समग्र कार्यसम्पादन **सन्तोषजनक रहेको** देखिएको छ। वित्तीय प्रगतिको सारांश निम्न अनुसार सहेको छ ।

निम्न :

**आ.व.२०८२/०८३ को वित्तीय लक्ष्य तथा प्रगति**

| खर्च शिर्षक | साविकको विनियोजन | विनियोजन संशोधन | खर्च | खर्च प्रगति |
|---|---|---|---|---|
| चालु | ६७६४१९९६५ | ६८७९७३४६५ | ६०८४९०६७५.३६ | ८८.३९ |
| पूजिंगत | ७८८६७६८४२ | ७५०१०६८४२ | ३५१२७१५६०.६२ | ४६.८३ |
| जम्मा | १४६५०९६८०७ | १४३८५२०३०७ | ९५९७६२२३५.९८ | ६६.७१ |

**आयको आधारमा प्रगति प्रगति**

| आय रु. | व्यय रु. | व्यय प्रतिशत |
|---|---|---|
| १०६५७६१७५६ | ९५९७६२२३५ | ९०.०५ |

विभिन्न शाखा तथा वडाहरूले स्वीकृत वार्षिक कार्यक्रम अनुसार सेवा प्रवाह, विकास निर्माण, सामाजिक विकास, आर्थिक विकास, संस्थागत विकास तथा नगरवासीलाई उपलब्ध गराउनुपर्ने विभिन्न सेवाहरू सञ्चालन गरेका छन्।

समीक्षाबाट प्राप्त विवरणअनुसार नगरपालिकाले कार्यक्रम कार्यान्वयनमा उल्लेखनीय प्रयास गरेको देखिए पनि आगामी दिनमा उपलब्धिलाई अझ परिणाममुखी बनाउन **योजना कार्यान्वयन, अनुगमन, समन्वय, समयमै बजेट खर्च, तथ्यमा आधारित निर्णय तथा परिणाम मापन**मा थप ध्यान दिनुपर्ने देखिन्छ।

## ७. प्रमुख उपलब्धिहरू

समीक्षा गोष्ठीबाट समग्रमा निम्न उपलब्धिहरू पहिचान गरिएको छ :

- स्वीकृत वार्षिक कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रयास प्रभावकारी रहेको।
- शाखागत तथा वडागत कार्यक्रमहरूको समीक्षा गर्ने संस्थागत अभ्यास स्थापित भएको।
- विकास निर्माण तथा पूर्वाधार, सामाजिक, आर्थिक विकास, सुशासन प्रवर्द्धन, सरसफाइ तथा वातावरण र विपद व्यवस्थापन तथा लक्षित वर्गका कार्यक्रमहरू सञ्चालन भएको ।
- कार्यक्रम कार्यान्वयनका समस्या तथा चुनौतीहरू र आगामी कार्यक्रमका लागि सुधारका क्षेत्र पहिचान भएको ।
- नगरपालिकाको समग्र कार्यसम्पादन **सन्तोषजनक** रहेको निष्कर्ष प्राप्त भएको।

## ८. समस्या तथा चुनौतीहरू

समीक्षाका क्रममा प्राप्त विवरणका आधारमा यस खण्डमा निम्न विषयहरू समावेश गर्न सकिन्छः

१. अन्तरराष्ट्रिय परिस्थितिको कारण कतिपय कार्यक्रम समयमै कार्यान्वयन गर्न कठिनाइ रहेको ।

२. आयोजना कार्यान्वयनमा समन्वय थप चुनौतीपूर्ण रहेको ।

३. भौतिक तथा वित्तीय प्रगतिबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता।

४. योजना तथा कार्यक्रमको प्रभावकारी अनुगमनलाई थप व्यवस्थित गर्नुपर्ने।

५. तथ्याङ्क तथा प्रगति विवरणलाई थप व्यवस्थित र अद्यावधिक गर्नुपर्ने।

६. शाखा तथा वडा तहमा उपलब्ध स्रोत–साधनको अधिकतम उपयोग गर्नुपर्ने।
७. कार्यक्रमको परिणाम तथा प्रभाव मापन गर्ने प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने।

**९. आगामी कार्यदिशा**

समीक्षा गोष्ठीबाट प्राप्त निष्कर्षका आधारमा आगामी दिनमा निम्न विषयलाई प्राथमिकताका साथ् कार्यान्वयन गरिने छः

- परिणाममा आधारित योजना तथा बजेट प्रणालीलाई प्रभावकारी बनाउने।
- त्रैमासिक तथा आवधिक प्रगति समीक्षा गर्ने।
- अन्तर शाखा र वडाबीच प्रभावकारी समन्वय कायम गर्ने।
- आयोजना कार्यान्वयनमा समयतालिका पालना गर्ने।
- भौतिक र वित्तीय प्रगतिलाई समानान्तर रूपमा अघि बढाउने।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउने।
- तथ्याङ्कमा आधारित निर्णय प्रणाली विकास गर्ने।
- नागरिकमैत्री तथा प्रविधिमैत्री सेवा प्रवाह विस्तार गर्ने।
- असल अभ्यासलाई अन्य शाखा तथा वडामा विस्तार गर्ने।
- समीक्षा गोष्ठीबाट प्राप्त सुझावलाई आगामी योजना तथा कार्यक्रममा समावेश गर्ने।

**१०. निष्कर्ष**

तानसेन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा गोष्ठी **२०८३ श्रावण १४ र १५ गते** सफलतापूर्वक सम्पन्न भएको छ। समग्र समीक्षा गर्दा आर्थिक वर्ष २०८२/०८३ मा तानसेन नगरपालिकाको कार्यसम्पादन **सन्तोषजनक रहेको** निष्कर्ष प्राप्त भएको छ। साथै आगामी दिनमा कार्यक्रम कार्यान्वयनलाई थप व्यवस्थित, परिणाममुखी, पारदर्शी तथा नागरिककेन्द्रित बनाउँदै लैजानुपर्ने आवश्यकता औँल्याइएको छ।

यस समीक्षा प्रतिवेदनले नगरपालिकाको विगत वर्षको कार्यसम्पादन अभिलेखीकरण गर्नुका साथै आगामी योजना तथा कार्यक्रम निर्माण, स्रोत परिचालन, अनुगमन तथा मूल्याङ्कनका लागि महत्वपूर्ण आधार सामग्रीका रूपमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

## ११. अनुसूची

**अनुसूची–१**

समीक्षा गोष्ठीको कार्यक्रम तालिका

**अनुसूची–२**

शाखागत प्रस्तुतीकरणको सूची

**अनुसूची–३**

१४ वटै वडाको प्रस्तुतीकरण सूची

**अनुसूची–४**

समीक्षा गोष्ठीमा सहभागी पदाधिकारी तथा कर्मचारीहरूको विवरण

**अनुसूची–५**

समीक्षा गोष्ठीकामा उठेका सवाल, सुझाव तथा निर्णयहरू

**अनुसूची–६**

कार्यक्रमका तस्बिरहरू